नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# केन्द्रीय आयोजना कार्यान्वयन इकाई

# भूकम्पीय आवास पुनर्निर्माण आयोजना

ज्वागल, ललितपुर

प.सं.: २०७४/०७५ मिति: २०७४/१०/२५
च.नं.: ८३५

श्री महानगरपालिका /उप-महानगरपालिका कार्यालय , सबै (३१ जिल्ला )
श्री नगरपालिका कार्यालय, सबै (३१ जिल्ला )।
श्री गाउँपालिकाको कार्यालय, सबै (३१ जिल्ला)।

विषय :- जोखिम वर्गमा पर्ने भूकम्प प्रभावित लाभग्राहीहरुको विवरण पुनःउपलब्ध गराउने सम्बन्धमा।

उपरोक्त विषयमा तहाँ स्थानीय तह अन्तर्गत जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीहरुको निजी आवास पुनःनिर्माणमा विशेष सुविधा दिई निजहरुको आवास पुनःनिर्माण कार्यमा तीब्रता दिनका यस कार्यालयको प.सं.०७४।७५, च.नं. ३७७, मिति २०७४।९।२६ को पत्रानुसार उक्त विवरण जिल्लाबाट प्राप्त भईरहेकोमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको मिति २०७४।१०।११ को ९७ औ बैठक निर्णयबाट “जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राही पहिचान सम्बन्धी कार्यविधि, २०७४” परिमार्जित भई प्राप्त भएकोले सो कार्यविधिको दफा ३ बमोजिम जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीहरुको सूची तयार गर्ने आधारमा फरक मापन प्राप्त भएको हुँदा देहाय बमोजिम जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीहरुको विवरण तल उल्लेखित फारममा भरी मिति २०७४ फाल्गुन ५ गते भित्र उपलब्ध गराईदिनु हुन अनुरोध छ। साथै जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राही पहिचान सम्बन्धी कार्यविधि, २०७४ को छायाँप्रति यसैसाथ संलग्न छ।

| सि. नं. | लाभग्राहीको विवरण | | लाभग्राहीको ठेगाना | लाभग्राही वर्ग | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | सम्झौता क्र.सं. | लाभग्राहीको नाम | | एकल महिला | जेष्ठ नागरिक | बालबालिका | अपाङ्ग | |
| | | | | | | | | |
| | | | | | | | | |

पुनश्चः १) एकल महिला - ६५ वर्ष नाघेकी एकल महिला।
२) जेष्ठ नागरिक - ७० वर्ष नाघेका जेष्ठ नागरिक ।
३) बालबालिका - १६ वर्ष मुनिका अनाथ बालबालिका।
४) अपाङ्ग - नेपाल सरकारबाट अपाङ्गताको परिचय पत्र (रातो र निलो कार्ड मात्र) पाएको अपाङ्गता भएका व्यक्ति।

उपर्युक्त बमोजिमको लाभग्राहीको सूचीमा पर्नको लागि निजी आवास सम्बन्धी लाभग्राहीको एकाघरमा अन्य सबलाङ्ग १६ वर्षदेखि ७० वर्षसम्मका एक वा एक भन्दा बढी व्यक्ति नभएको हुनपर्ने छ।

०७४/१०/२९

(नारायण प्रसाद श्रेष्ठ)
आयोजना उप-निर्देशक

बोधार्थ :
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाडौं।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै (३१ जिल्ला )
श्री जिल्ला समन्वय समितिको सचिवलय, सबै (३१ जिल्ला )

☎ ०१-५२६००८२ web-site: www.mofald-clpiu.gov.np email: ehrp.clpiu@gmail.com

# जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राही पहिचान सम्बन्धी कार्यविधि, २०७४

मिति २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प तथा त्यसपछिका पराकम्पका कारणबाट जोखिम वर्गमा पर्ने लाभग्रहीहरुलाई क्षतिग्रस्त निजी आवास पुनर्निर्माण गर्ने क्रममा विशेष व्यवस्था गरी निजहरुको आवास पुनर्निमाणमा तीव्रता दिन वाञ्छनीय भएकोले भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :

(१) यस कार्यविधिको नाम "जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राही पहिचान सम्बन्धी कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ सम्झनु पर्छ ।

(ख) "प्राधिकरण" भन्नाले ऐनको दफा ३ बमोजिम गठित राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सम्झनु पर्छ ।

(ग) "लाभग्राही" भन्नाले भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को दफा ३ बमोजिम पहिचान गरिएका निजी घरका घरधनी एवं जोखिमयुक्त वस्तीका लाभग्राही समेतलाई सम्झनु पर्छ ।

(घ) "जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीहरु" भन्नाले दफा ३ ले निर्धारण गरेको आधारमा छनौटमा परेका लाभग्राहीहरुलाई सम्झनु पर्छ ।

३. <u>जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित असहाय तथा असक्त लाभग्राहीको सूची तयार गर्ने</u> :

(१) जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीको सूची देहायका आधारमा तयार गरिनेछ ।

(क) ६५ वर्ष नाघेकी एकल महिला

(ख) ७० वर्ष नाघेका जेष्ठ नागरिक

(ग) १६ वर्ष मुनिका अनाथ बालबालिका

(घ) नेपाल सरकारबाट अपाङ्गताको परिचय पत्र (रातो र निलो कार्ड मात्र) पाएको अपाङ्गता भएका व्यक्ति ।

सचिव

(२) उपदफा (१) बमोजिमको लाभग्राहीको सूचीमा पर्नको लागि निजी आवास सम्बन्धी लाभग्राहीको एकाघरमा अन्य सवलाङ्ग १६ देखि ७० वर्षसम्मका एक वा एक भन्दा बढी व्यक्ति नभएको हुनु पर्नेछ ।

४. <u>जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीहरुको पहिचान गर्ने तरिका</u> : दफा ३ को अधिनमा रही स्थानीय तहको सिफारिश सहित सम्बन्धित लाभग्राहीको निवेदनका आधारमा त्यस्ता लाभग्राहीहरुको पहिचान गरिनेछ । जोखिमयुक्त समूहमा पर्ने ती लाभग्राहीहरुको सूचीलाई स्थानीय तह र समुदाय तहमा समेत पुनः परीक्षण गरी प्रयोगमा ल्याउन सकिनेछ ।

५. <u>जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीहरुलाई प्रदान गरिने सुविधा</u> :

(१) जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीलाई स्थानीय आवश्यकता र स्रोतसाधनको उपलब्धताका आधारमा देहायका मध्ये कुनै एक वा एक भन्दा बढी सुबिधा उपलब्ध गराइनेछ ।

(क) पुननिर्माण र पुनर्स्थापनाको लागि गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ दफा ७(३) बमोजिमको सुविधा।

(ख) प्राधिकरणबाट निर्णय गरी उपलब्ध गराउन सकिने अन्य सुबिधा।

(ग) आवास निर्माणको लागि अन्य वैकल्पिक व्यवस्था ।

यस अनुसार लाभग्राहीको घर पुनर्निर्माण गर्दा लागेको खर्च निजी आवास पुनर्निर्माण गर्ने लाभग्राहीले प्राप्त गर्ने रकम मध्येबाट व्यहोरिनेछ। थप प्राविधिक सहयोग गैरसरकारी संस्था वा प्राधिकरणबाट खटाईएकै प्राविधिक जनशक्तिहरुबाट समेत उपलब्ध हुन सक्नेछ।

६. अभिलेख राखेः

(१) यस कार्यविधि अनुसार प्रदान गरिएको सुविधा सम्बन्धी अभिलेख सम्बन्धित स्थानीय तहको कार्यालयमा राखिनेछ र त्यसको जानकारी प्राधिकरणको जिल्ला समन्वय समितिको सचिवालयमार्फत केन्द्रमा पठाइनेछ । यस्तो सुविधा प्राप्त गरी निजी आवास पुनर्निर्माण गरेका लाभग्राहीहरुको अभिलेख केन्द्रीय सूचना व्यवस्थापन प्रणालीमा अध्यावधिक गरी व्यवस्थितरुपमा राखिनेछ ।

(२) कुनैपनि गैर सरकारी संस्थाले यो कार्यविधि लागू हुनु भन्दा पहिले जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीलाई अतिरिक्त सुविधा प्रदान गरी आवास पुनर्निर्माण भइसकेको भए सो सुविधा यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

सचिव

(३) गैरसरकारी संस्था परिचालन नभएको स्थानमा जोखिम वर्गमा पर्ने लाभग्राहीको घरको पुनर्निर्माण गर्न आवश्यक देखिएमा प्राधिकरणबाट गैरसरकारी संस्था वा अन्य संघसंस्था परिचालनको लागि आव्हान गरी वा अन्य व्यवस्थाबाट पुनर्निर्माण गराउन सक्नेछ ।

७. प्राधिकरणको अन्य कार्यविधिमा जुनसुकै कारण लेखिएको भएतापनि जोखिम वर्गमा पर्ने लाभग्राहीहरुको हकमा यसै बमोजिम हुनेछ ।

८. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र उल्लेख नभएका विषयहरुको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।